# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८१।०९।०७ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनका कर्मचारी **मनसुन नेपाल**ले स्कूल तहको नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी बढुवा भएको भन्नेसमेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज मनसुन नेपालले बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा जुनियर असिस्टेन्ट पदमा बढुवा हुनको लागि His Majesty's Government of Nepal, Ministry of Education & Sports, Office of the Controller of Examinations बाट जारी भएको देखिने झुट्टा/नक्कली एस.एल.सी. (School Leaving Certificate Examination-Mark Sheet) को लब्धाङ्क पत्र र परोपकार आदर्श माध्यमिक विद्यालय, काठमाडौंको नाम उल्लेख गरिएको झुट्टा/नक्कली चारित्रिक प्रमाण-पत्र पेश गरी जुनियर असिस्टेन्ट पदको सेवा, सुविधा र लाभ उपभोग गरेको पुष्टि भएको देखिएकोबाट निज मनसुन नेपालको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे